(मुद्दा नं. ०८१-CI-[illegible])

नारायण बहादुर पहराईसमेतको जाहेरीलेनेपाल सरकार.................................................................................वादी

विरुद्ध

रबि लामिछाने.......................................................................................................................................प्रतिवादी

मुद्दा-सहकारी ठगी र संगठित अपराध

यसमा निवेदन पत्रसाथ हाजिर भएका प्रतिवादी रबि लामिछानेको बयान कार्य सम्पन्न भई थुनछेक प्रयोजनको लागि पेश भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी, उप न्यायाधिवक्ताद्वय श्री रबि न्यौपाने र श्री प्रकाश मरासिनी, जिल्ला न्यायाधिवक्ता श्री प्रेमराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ताहरू श्री बसन्तराज पोखरेल, श्री गोकर्णराज घिमिरे, श्री सुनिल लामिछाने र श्री पवित्रा भण्डारी एवं जाहेरवालाहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू डा. सुरेन्द्र भण्डारी र श्री दिनेश त्रिपाठी, अधिवक्ताद्वय श्री रामचन्द्र गौतम र श्री शैलेन्द्रप्रसाद हरिजन (अम्बेडकर) ले प्रतिवादी उपरको अभियोग दाबी, निजले गरेको कसूर तथा कसूरको प्रकृति समेतको आधारमा निज प्रतिवादीलाई थुनामा राखी पुर्पक्ष गरिपाउँ भनी सो सँग सम्बद्ध कानुनी व्यवस्था, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रचलन तथा सान्दर्भिक नजिरहरू समेत पेश गरी बहस गर्नु भयो। साथै प्रतिवादी रबि लामिछानेका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री शुशिलकुमार पन्त, श्री रमण श्रेष्ठ र श्री सुरेन्द्रबहादुर थापा तथा अधिवक्ताहरू श्री पशुपति भण्डारी, श्री राजेन्द्र प्रसाद सेढाई, डा. नारायण दत्त कँडेल, श्री सुरज बस्नेत, श्री सुनीता राउत र श्री संजय गोलेले यी प्रतिवादीलाई थुनामा नराखी साधारण तारेखमा राखी पाउँ भनी सो सँग सम्बन्धित नजिर सहित आ-आफ्नो बहस जिकिर प्रस्तुत गर्नु भयो। त्यसैगरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री प्रेमराज पौडेल र जाहेरवालाका तर्फबाट विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले प्रतिवादीलाई थुनामै राखी मुद्दाको पुर्पक्ष होस भनी गर्नु भएको जवाफी बहस समेत सुनियो ।

यी प्रतिवादी रबि लामिछानेसमेतका अन्य प्रतिवादीहरू गितेन्द्रबाबु राई, छबिलाल जोशी, कुमार रम्तेल र लक्ष्मीप्रसाद पौडेलले सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडका बचतकर्ताहरूको रकम सांगठनिक रूपमा गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा ल्याई सो रकमलाई अपचलन गरी सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (त) अन्तर्गतको निषेधित

कार्य गरी उक्त सहकारी संस्थाको रु.१०,९९,३६,०००।- (दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) निक्षेप रकम सहकारी ठगी गरेको पुष्टी हुन आएकाले उक्त कसुरमा बिगो रु.१०,९९,३६,०००।-(दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) कायम गरी यी प्रतिवादी रवि लामिछाने समेतलाई सहकारी ऐन, २०७४ को दफा १२४ को उपदफा (१) को खण्ड (घ) को देहाय (५) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को देहाय (क) र (ग) बमोजिम थप सजाय गरिपाउँ भन्ने समेतको माग दाबी लिई पुरक अभियोग पत्र दायर भएको पाइयो।

रूपन्देहीको बुटवल स्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.मा दैनिक, मासिक तथा चल्ती मुद्दतीमा जम्मा गरेको रकम समय पुगेपछि माग्दा भुक्तानी दिन आलटाल गर्दै आई १ अर्ब ३१ करोड भन्दा बढी रकम प्रतिवादी ओम प्रकाश गुरुङ समेतका अन्य प्रतिवादीहरूले हिनामिना गरेका हुँदा निजहरूलाई कानुन बमोजिम कारवाही गरी बचत रकम तथा क्षतिपूर्तीसमेत दिलाई भराई पाउँ भन्ने जाहेरवाला देवीलाल भट्टराई समेतका १८३१ जनाले शुरुमा जाहेरी तथा निवेदनहरू दिएको र विपक्षी रवि लामिछाने तत्कालीन गोर्खा मिडिया नेटवर्कमा मिति २०७७ फाल्गुन ११ गतेदेखि २०७९ असार १ गते सम्म संचालक/ प्रबन्ध निर्देशकको जिम्मेवारीमा रही सुप्रिम बचतबाट २०७७ चैत्र १८ गते रवि लामिछाने मार्फत रु.२ करोड तथा अन्य सह प्रतिवादीहरूको नामबाट गरी कुल १४ करोड २९ लाख रुपैयाँ अवैधानिक रुपमा गोर्खा मिडिया नेटवर्क र रवि लामिछानेको खातामा गएको देखिँदा यी प्रतिवादी समेतका अन्य व्यक्तिहरू समेत संगठित भई प्रमाण नराखी, प्रक्रिया नपुर्‍याई, बेरितपूर्वक सुप्रिम सहकारीबाट आम बचतकर्ताको बचत हिनामिना गर्ने, बचतकर्ताको सम्पत्तिमा क्षति पुर्‍याउने योजना बनाएका हुँदा कानुनी कारबाही गरी पीडितहरूको रकम फिर्ता गराई पाउँ भन्नेसमेत बेहोराको युवराज पौडेल (सफल) समेतका अन्य ४४ जना जाहेरवालाहरू र निवेदकहरूको दर्खास्त तथा निवेदनहरू परेको देखिन्छ।

सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको कार्यालयबाट विभिन्न भौचरहरू, चेकबुकहरू लगायतका कागजातहरू र जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं.५, कुमारीपाटी जगन्नाथ मार्ग स्थित रहेको घर नं. ३३६ घर समेतबाट GB GROUP OF COMPANIES PVT.LTD लेखिएको PAYMENT VOUCHER तथा विभिन्न बैंकका चेकबुकहरू समेतका अन्य कागजातहरू बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ।

यी प्रतिवादी रवि लामिछानेले यस अदालत समक्ष बयान गर्दा गोर्खा मिडिया नेटवर्क प्रा.लि. मा नियुक्ति पत्र अनुसार म श्रमजीवि पत्रकार सम्बन्धी ऐन, २०५१ (संशोधनसहित) को दफा ३(क) बमोजिम विभिन्न शर्तहरू सहित नियुक्त भएको हुँ। उक्त नेटवर्कको वित्तिय र आइटीको पुर्ण नियन्त्रण कार्यकारी अध्यक्ष गितेन्द्रबाबु राई बाहेक अरु कसैलाई दिइएको थिएन। सह प्रतिवादीहरू गितेन्द्रबाबु राई अत्यन्त व्यस्त मानिस रहेका र छविलाल जोशी लामो समय विदेश जानु भएकोले गोर्खा मिडिया कम्पनीको कार्य सुचारु गर्ने र कार्य सहजताका लागि म नै उपलब्ध भएको कारण चेकहरूमा मेरो हस्ताक्षर हुने गरेको हो। म भुक्तानीको निर्णयकर्ता र खाताको मालिक नभएर कार्य सहजताका लागि मात्र तोकिएको हस्ताक्षर गर्ने अभिकर्ताको हैसियतमा रहेको व्यक्ति थिएँ। कम्पनीका मालिक एवं

कार्यकारी अध्यक्ष सह प्रतिवादी गितेन्द्रबाबु राईको निर्देशन पालना गर्ने गरी मात्रै कम्पनी वा व्यक्तिहरूलाई भुक्तानी गएका छन्। कुनैपनि चेक मेरो इच्छाले काटिएको छैन। कुनैपनि चेकको विवरणमा मेरो अक्षर छैन। गोर्खा मिडिया नेटवर्क र गितेन्द्रबाबु राईले मिति २०७७।५।१० मा सहमति गरे अनुरूप १,८०,००० (एक लाख असी हजार) कित्ता शेयर मलाई बिना लगानी उपलब्ध गराइएको हो। म सुप्रिम बचत तथा ऋण सहकारीको कुनै पद र हैसियतमा रहेको व्यक्ति नभएकोले सहकारीमा हुने गरेका कुनै पनि गतिविधिको जिम्मेवारी र जवाफदेहिता मेरो रहँदैन। सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको बचत कर्ताहरुको बचत रकम संगठनिक रुपमा अपचलन तथा ठगीमा मेरो व्यक्तिगत तथा संस्थागत रुपमा कुनै प्रकारको संलग्नता रहेको छैन। म उक्त सहकारीको संचालक समिति, कर्मचारीलगायत उल्लेखित सहकारीको शेयर सदस्य तथा ऋणी लगायत कुनै प्रकारको भूमिका एवं जिम्मेवारीमा रहेको व्यक्ति होइन। उक्त सहकारीमा बचत कर्ताहरुको रकम अपचलन तथा ठगी गर्ने व्यक्तिलाई कानूनबमोजिम सजाय गरी बचतकर्ताहरूको बचत रकम निजहरूले फिर्ता पाउनुपर्छ। सुप्रिम सहकारीबाट ऋण लिएका भनी उल्लेख गरेका बुटवल- ११ ठेगाना भएका रवि लामिछाने नामको व्यक्ति तथा सह प्रतिवादीहरू छविलाल जोशी, ओमप्रकाश गुरुङ, कुमार रम्तेल र रोशनी गुरुङसमेतले बयानमा उल्लेख गरेको रबि लामिछाने नामको व्यक्ति म होइन। त्यसैले मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन। मैले पूर्णरूपमा सफाई पाउनुपर्छ भनी बेहोरा लेखाएको पाइयो भने निजले मौकामा अधिकारप्राप्त अधिकारी समक्षको बयानमा म गोर्खा मिडिया नेटवर्कमा जाने क्रममा १५% शेयर, आवश्यक एडभान्स र आकर्षक तलब सुविधा सहित सम्झौता गरी गएको हुँ। उक्त मिडियामा रु.५,००,००,०००।-(पाँच करोड) पुँजी हुँदाके अवस्थामा मलाई गितेन्द्र बाबु राईले रु.७५,००,०००।- (पचहत्तर लाख) निजको व्यक्तिगत खाता मार्फत मेरो खातामा जम्मा गराई उपलब्ध गराएकोमा मैले सो रकम मेरो ग्लोबल आईएमई बैंकको खाताबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि.को खातामा जम्मा गरी १५% को शेयर सदस्य भएको हुँ। यो रकम मलाई १५% शेयर सित्तैमा दिने सहमति र सम्झौता बमोजिम नै प्राप्त भएको हो। पछि पुँजी वृद्धी गरी रु.१२,००,००,०००।-(बाह्र करोड) बनाएपछि मेरो शेयर बापतको रकम १,८०,००,०००।- (एक करोड असी लाख) निज गितेन्द्र बाबु राईले के कसरी व्यवस्थापन गरी मिलाएका थिए, मलाई जानकारी भएन। निजले कुन स्रोतबाट म सँग भएको सम्झौता बमोजिमको १५% शेयरको रकम कम्पनीमा ल्याए, त्यो पनि जानकारी भएन। मैले कम्पनी छोड्ने बेला शेयर बापतको रकम रु.१,८०,००,०००।- (एक करोड असी लाख) गितेन्द्र बाबुलाई बिक्री गरेको भनी कुनै पनि रकम नलिई सहिछाप गरी दिएको हुँ। यस सन्दर्भमा मेरो खातामा उक्त रकम नआएको कुरा मेरो बैंक स्टेटमेन्ट र उक्त बैंकको छुट्टै पत्र मार्फत पनि स्पष्ट जानकारी गराएको छु। म कम्पनीको शेयर सदस्यको रुपमा जाँदा पनि मेरो १ (एक) रुपैंया लगानी थिएन र कम्पनीबाट बाहिरिँदा पनि १ (एक) रुपैंयाँ लिएको होईन, थिईन। मेरो कार्यकालमा गोर्खा मिडियामा कुनै पनि सहकारीबाट रकम ल्याउने निर्णय, सम्झौता भएको, गरेको र कुनै सहकारीबाट ऋणको किस्ता वा ब्याज तिर्ने पत्र प्राप्त भएको छैन। मिसिल संलग्न खाताको KYC फारम र दस्तखत नमूना कार्ड

खोल्न दिएको हो। उक्त खाता गोर्खा मिडिया नेटवर्क प्रा.लि. सञ्चालनको प्रयोजनार्थ खोलिएको हो भन्ने समेतको बेहोरा लेखाएको पाइयो।

सह प्रतिवादी छविलाल जोशीले मौकाको बयानमा गोर्खा मिडिया नेटवर्क कम्पनीको सम्पूर्ण विषयहरूमा गितेन्द्र बाबु राई र रवि लामिछानेको जिम्मामा रहेको हुँदा सम्पूर्ण आर्थिक कारोबार गर्ने जिम्मेवारी गितेन्द्र बाबु राई र रवि लामिछानेले नै गर्ने गरेको भनी बेहोरा लेखाउनुका साथै अर्को सह प्रतिवादीहरू ओमप्रकाश गुरुङ र कुमार रमेलले मौकाको बयानमा गोर्खा मिडिया नेटवर्क प्रा.लि.का शेयर सदस्य प्रबन्ध निर्देशकको जिम्मेवारीमा रहेका रवि लामिछानेको नाममा सुप्रिम सहकारीबाट उक्त नेटवर्क प्रा.लि.को बैंक खातामा रकम जम्मा भई परिचालन तथा व्यवस्थापन र प्रयोग निज रवि लामिछानेको हस्ताक्षरबाट भएको र सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको ऋण सम्बन्धी आन्तरिक पत्रमा उल्लेख भएको रवि लामिछाने र गोर्खा मिडिया नेटवर्क प्रा.लि.का संचालक प्रबन्धक निर्देशक रवि लामिछाने एकै मानिस हुन् भन्ने समेतको बेहोरा लेखाएको पाइन्छ।

मौकामा घटना विवरण कागज गर्ने गोर्खा मिडिया नेटवर्कका लेखापालद्वय संजय अधिकारी र रजनी श्रेष्ठले कागज गर्दा चेक तयार गर्ने आदेश अनुसार चेकहरु तयार गरी कहिले गितेन्द्र बाबु राई र गितेन्द्र बाबु राई नहुँदा रवि लामिछानेलाई दस्तखत गराउने गर्दथ्यौं भन्ने समेतको बेहोरा लेखाएको पाइन्छ। त्यसैगरी कृष्णबहादुर रानाभाट समेतका मानिसहरुले मौकामा कागज गर्दा सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको बचतकर्ताहरुको बचत रकम उक्त सहकारीका संचालक समितिहरु, कर्मचारीहरु लगायत उल्लेखित कम्पनीहरुका शेयर सदस्यहरु समेतको मिलोमतोमा गैर कानुनी तवरबाट बचत रकम हिनामिना गरी संगठित रुपमा ठगी भएको हुँदा संगठित रुपमा ठगी गर्नेलाई कानून बमोजिम कारवाही गरी बचतकर्ताहरुलाई दिलाई भराई दिनु पर्दछ भन्नेसमेतको बेहोरा लेखाएको देखिन्छ।

प्रतिवादी रवि लामिछानेको नामबाट ७५ लाख रुपैयाँ गोर्खा मिडिया कम्पनीको बैंक खातामा जम्मा भएको भन्ने समेत बेहोराको संसदिय छानबिन समितको प्रतिवेदन रहेको पाइयो भने गोर्खा मिडिया नेटवर्कबाट प्रतिवादी रवि लामिछानेले जम्मा रु.१७,००,१८६।- (अक्षरुपी सत्र लाख एक सय छयासी) पेश्की फछर्यौट गर्न बाँकी रहेको र तत्कालिन प्रबन्ध निर्देशक रवि लामिछानेले नै आर्थिक कारोबार गर्ने गरेको पाईएको भन्नेसमेत बेहोराको वित्तिय विश्लेषणको प्रतिबेदन रहेको देखिन्छ। त्यसै गरी गोर्खा मिडिया प्रा.लि.बाट प्रतिवादी रवि लामिछानेको नाममा १,८०,००० (एक लाख असी हजार) कित्ता शेयर रहेको भन्ने समेत मिसिलबाट देखिन्छ। ग्लोबल आईएमई बैंकमा रहेको खाता नं. ००४०१०१०००००५७७ यी प्रतिवादीहरु रवि लामिछाने, गितेन्द्र बाबु राई र कुमार रमेलको संयुक्त नाउँमा, नबिल बैंकको खाता नं.०११०१०१७५०२१८१ यी प्रतिवादी रवि लामिछाने र गितेन्द्र बाबु राईको संयुक्त नाउँमा र सिभिल बैंकको खाता नं. ००२१०६१२११००१२ यी प्रतिवादी रवि लामिछाने र गितेन्द्रबाबु राईको संयुक्त नामबाट संचालन रहेको भन्ने मिसिलबाट देखिएको छ। साथै ग्लोबल आईएमई बैंक लि. का जारी भएका चेकहरूमा यी प्रतिवादी रवि लामिछानेको हस्ताक्षर रहेको मिसिल संलग्न उक्त चेकहरूबाट देखिन्छ। गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको संचालक समितिको बैठकमा यी प्रतिवादी रवि लामिछानेको उपस्थिति समेत रहेको भन्ने उक्त मिडियाको संचालक समितिको निर्णय प्रतिबाट समेत

देखिन्छ। प्रबन्ध निर्देशक रवि लामिछाने कम्पनीमा साझेदार रुपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीको लागि नेपाल सरकारलाई सिफारीश गर्ने भन्ने नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०८१।६।२ मा निर्णय भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ।

सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा जम्मा रु.१०,९९,३६,०००।.(दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) बैंकिङ प्रणालि मार्फत जम्मा भई हिनामिना गरी ठगी गरेको देखिन्छ भन्ने समेतको लेखा परिक्षण प्रतिवेदनको बेहोरा रहेको देखिन्छ। सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट प्रतिवादी रवि लामिछानेको नाममा रु.२ करोड ऋण स्विकृत भई LOAN SERVICE CHARGE बापत रु. ४,००,०००।- (चार लाख रुपैयाँ) कटाई रु. १,९६,०००००।- (एक करोड छयानब्बे लाख रुपैयाँ) वी प्रतिवादी रवि लामिछाने समेतको संयुक्त नाममा रहेको गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको ग्लोबल आईएमई बैंकको खाता नं. ००४००१०००००५७७ मा सह प्रतिवादी रोशनी गुरुङले जम्मा गरेको देखिन्छ भने निज प्रतिवादी रवि लामिछानेको कार्यकालमा सुप्रिम सहकारीबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा गएको रकम रु.१०,९९,३६,०००।- (दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) निजले फौजदारी अपकार वा गल्ती (Criminal Wrongs) को दायित्व बेहोर्नु पर्ने बेहोरा समेत उल्लेख रहेको देखिन्छ।

माथि उल्लिखित तथ्य प्रमाण रहेको प्रस्तुत मुद्दामा बयान कार्य सम्पन्न भएका प्रतिवादी रवि लामिछानेलाई थप पूर्पक्षको लागि के कसरी राख्ने भन्ने सम्बन्धमा विचार गर्दा, निजलाई लगाइएको अभियोग माग दावी, मिसिल संलग्न कागज प्रमाणहरूका आधारमा निजलाई थुनामा राख्ने वा धरौटी लिई वा नलिई तारेखमा राख्ने भन्ने सम्बन्धमा आदेश गर्नु पर्ने अवस्था देखियो।

थुनछेक आदेश तर्फ विचार गर्दा, निजले मौका र यस अदालत समक्षको बयानमा आरोपित कसूरमा इन्कार रही बेहोरा लेखाएता पनि सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बाट धितो तथा आवश्यक कागज, प्रमाण बिना निजसमेतको संयुक्त नाममा रहेको ग्लोबल आईएमई बैंकको खाता नं. ००४००१००००५७७ मा १,९६,००,०००।- (एक करोड छयानब्बे लाख रुपैयाँ) रकम समेत गरी निज कार्यरत रहेको गोर्खा मिडिया नेटवर्कमा निजसमेतको संयुक्त खाता रहेका विभिन्न बैंकको खाताहरूमा रु.१०,९९,३६,०००।- (दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) रकम गएको भन्ने समेतको लेखा परिक्षण प्रतिवेदन समेतबाट देखिएको, सह प्रतिवादी छविलाल जोशीले मौकाको बयानमा गोर्खा मिडिया नेटवर्क कम्पनीको सम्पूर्ण विषयहरुमा र सम्पूर्ण आर्थिक कारोबार गर्ने जिम्मेवारी गितेन्द्र बाबु राई र रवि लामिछानेमा रहेको भनी लेखाएको बेहोरा, सह प्रतिवादीहरू ओमप्रकाश गुरुङ र कुमार रम्तेलले गोर्खा मिडिया नेटवर्क प्रा.लि.का प्रबन्ध निर्देशकको जिम्मेवारमा रहेको रवि लामिछानेको नाममा सुप्रिम सहकारीबाट उक्त प्रा.लि.को बैंक खातामा जम्मा भएको रकम परिचालन तथा व्यवस्थापन वा प्रयोग निज रवि लामिछानेको हस्ताक्षरबाट भएको र सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको ऋण सम्बन्धी आन्तरिक ऋण सम्बन्धी आन्तरिक पत्रमा उल्लेख भएको रवि लामिछाने र गोर्खा मिडिया नेट वर्क प्रा.लि.का संचालक प्रबन्धक निर्देशक रवि लामिछाने एकै मानिस हुन भनी लेखाएको बेहोरा, गोर्खा

मिडिया नेटवर्कका लेखापालद्वय संजय अधिकारी र रजनी श्रेष्ठले कागज गर्दा चेक तयार गर्ने आदेश अनुसार चेकहरू तयार गरी कहिले जितेन्द्र धानु राई र जितेन्द्र धानु राई नहुँदा रवि लामिछानेलाई दस्तखत गराउने गर्दथ्यौं भनी बेहोरा लेखाएको देखिन्छ। त्यसैगरी प्रतिवादी रवि लामिछानेको नामबाट ७५ लाख रुपैयाँ गोर्खा मिडिया कम्पनीको बैंक खातामा जम्मा भएको भन्ने संसदिय छानबिन समितिको प्रतिवेदन, गोर्खा मिडिया नेटवर्कका तत्कालिन प्रबन्ध निर्देशक रवि लामिछानेले नै आर्थिक कारोबार गर्ने गरेको पाइएको भन्ने वित्तिय विश्लेषणको प्रतिवेदन, ग्लोबल आईएमई बैंकमा रहेको खाता नं. ००४०१०१०००००५७७, नबिल बैंकको खाता नं.०११०१०१३५०२१८१ र सिभिल बैंकको खाता नं. ००२१०६१२११००१२ यी प्रतिवादी रवि लामिछाने समेतका अन्य सह प्रतिवादीहरूको संयुक्त नामबाट संचालनमा रही यी प्रतिवादी रवि लामिछानेको हस्ताक्षरबाट चेकहरु जारी भएको मिसिलमा पेश भएका चेकहरूबाट देखिएको र उक्त खाताबाट जारी भएका चेकहरूमा मेरो सही रहेको भनी प्रतिवादी रवि लामिछानेले बयान गरेको समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट देखिएकाले यी प्रतिवादीले आरोपित कसुर नगरेको विश्वास गर्नुपर्ने मनासिब आधार नदेखिँदा पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई यी प्रतिवादी रवि लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु.१,००,००,०००।- (अक्षरुपी एक करोड रुपैयाँ) नगद धरौट, जेथा जमानत वा शर्तरहित (Unconditional) बैंक ग्यारेन्टी दिएमा लिई तारेखमा राख्नू। सो बुझाउन नसकेमा कानुन बमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न स्थानीय कारागारमा पठाउनु भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएँ।

अभियोग पत्रबाट प्रतिवादीहरु कुमार रमतेल र शिव बहादुर गुरुङ ०८०.C1-०४२६ को मुद्दामा हाल कारागार कार्यालय, कास्कीमा थुनामा रहेको देखिँदा निजहरुलाई झिकाई बयानका लागि पेश गर्नू।

अभियोग पत्रमा उल्लेखित प्रतिवादीहरूको नाममा रहेको सम्पत्ति मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९२ बमोजिम कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी यथास्थितिमा रोक्का राखी सो को जवाफ पठाउनू भनी सम्बन्धित मालपोत कार्यालयहरूलाई लेखी पठाउनू।

दशीको रुपमा पेश भएका कागजात प्रमाणहरु जिन्सीमा आम्दानी बाँधी सुरक्षित साथ राख्नू भनी सम्बन्धित शाखालाई दिनू।